**अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाको पन्ध्रौ अधिवेशनमा उपाध्यक्ष श्री सपना गुरुङले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८१/०८२ को बजेट वक्तव्य**

गाउँसभाबाट स्वीकृत मिति: २०८१/०३/०३

प्रमाणीकरण मिति: २०८१/०३/०३

**सभाध्यक्ष ज्यू,**

१. स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचन पश्चात दोस्रो बर्ष पूरा गरी तेस्रो बर्षका लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपाध्यक्षको एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. नेपालको संविधान बमोजिम राज्यको शासकीय संरचना तीन तहको सरकारबाट संरचित छ, जसमध्ये स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । संविधानत: स्थानीय सरकारलाई प्राप्त विधायीकी, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्दै उपलब्ध सीमित स्रोत र साधनको उच्चतम परिचालन मार्फत प्राथमिकताको आधारमा गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारी कार्यान्वयन गरी गाउँपालिकावासीलाई परिवर्तको अनुभूति गराउने उद्देश्य प्राप्तीका लागि गाउँपालिका क्रियाशील रहेको छ ।

४. गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त बजेटमा आन्तरिक राजश्व संकलनबाट प्राप्त रकम समेतलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही संघीय सरकार तथा प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भूगोल, जनसंख्या र स्थानीय आवश्यकताको आधारमा चालु आर्थिक वर्षमा सञ्चालन भएका र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने संवैधानिक व्यवस्थालाई आत्मसात गर्दै म चालु आर्थिक वर्षको यथार्थ आय व्यय र आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्दछु ।

५. स्थानीय तहको क्षेत्राधिकार अनुरुप वित्तिय संघीयतालाई प्रभावकारी र दिगो बनाउन राजश्वको दायरामा विस्तार गरि स्रोतको परिचालनमा विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तिय अनुशासनको मूल मन्त्रलाई आत्मसात गर्दै गाउँपालिकाको विकास र समुन्नतीको आकांक्षा सम्बोधन गर्न उपलब्ध सीमित स्रोतबाट असीमित जनआकांक्षालाई सम्बोधन गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै उपलब्ध स्रोत साधनलाई जनअपेक्षा अनुरुप व्यवस्था गर्ने यथेष्ट प्रयास गरेको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु बस्तीस्तरबाट शुरु गरी वडा कार्यालय, विषयगत समिति, राजश्व परामर्श समिति, योजना तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी गाउँकार्यपालिकामा छलफलको प्रवन्ध मिलाई गाउँकार्यपालिकाको सिफारिसले आजको यस गाउँसभामा पेश गरेको व्यहोरा समेत सवै गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्षज्यू,**

७. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट देहायका उद्देश्य प्राप्तीमा केन्द्रित रहनेछ।

"साझा प्रतिवद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी" भन्ने लक्ष्य हासिल गर्नको लागि बलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु देहायअनुसार रहेका छन्।

क) शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गरी समग्र गाउँपालिकाको शिक्षाको गुणस्तरमा वृद्धि गर्ने।

ख) गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सबै नागरिकहरुमा पुर्याउने।

ग) स्थानीय रोजगार कार्यक्रम मार्फत गाउँपालिकाकै स्रोतबाट न्यूनतम रोजगारी सुनिश्चितता गरी गरिबी न्यूनीकरणमा टेवा पुर्याउने।

घ) कृषि, पर्यटन, उद्योग क्षेत्रको विकास मार्फत दिगो उत्पादनमा जोड दिने।

ङ) गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्ने।

८. यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन्।

क) शिक्षा, स्वास्थय तथा कृषि क्षेत्रको गुणात्मक अभिवृद्धि गर्ने।

ख) पूर्वाधार विकास मार्फत गाउँपालिकाको रुपान्तरण गर्ने।

ग) समग्र शिक्षा प्रणाली र विद्यालयमा परिमाणात्मक र गुणात्मक सुधार ल्याउने।

घ) दिगो विकास लक्ष्यको स्थानीयकरण, समावेशी र सन्तुलीत विकास, हरियाली प्रवर्द्धन, मानव विकास, महिला सशक्तिकरण तथा मूल प्रवाहिकरण लगायत विकासका समसामयीक पक्षहरुको निरन्तर सम्बोधन गर्ने।

ङ) वातावरण संरक्षण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन जोखिम पहिचान तथा न्यूनीकरण गर्ने।

च) शासकीय प्रबन्ध, वित्तिय सुशासन, संस्थागत विकास र सेवा प्रवाहमा प्रभावकारीता र न्यायमा पहुँच स्थापित गर्ने।

९. गाउँपालिकाले बजेटका उद्देश्यहरु हासिल गर्न र प्राथमिकता प्राप्त आयोजनाहरु कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्यव र सहकार्य गर्नेछ। गाउँपालिकामा उपलब्ध श्रम, सीप, पूँजि, क्षमता र ज्ञानको प्रभावकारी उपयोग गरी रोजगारी सिर्जना गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिने छ।

**सभाध्यक्षज्यू,**

**१०. अब म चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्मको यथार्थ आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।**

क) चालु आर्थिक वर्ष २०८०/०८१ का लागि रु. ४४ करोड १८ लाख १९ हजारको बजेट प्रस्तुत गरिएको थियो । गाउँपालिकाबाट स्वीकृत बजेट अनुसार चालु आर्थिक वर्षमा आन्तरिक राजश्व परिचालनतर्फ ६० लाख लक्ष्य राखिएकोमा जेष्ठ मसान्त सम्म ६४ लाख ९३ हजार सात सय उनान्सत्तरी रुपैँया राजश्व उठेको छ । वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने अनुदान रकम मध्ये चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म ३२ करोड ४२ लाख ४५ हजार स्थानीय सञ्चित कोषमा प्राप्त भएको छ ।

ख) चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म कुल बजेटको ५६.८३ प्रतिशत खर्च भएको छ । त्यसैगरी यस आर्थिक वर्षको जेष्ठ मसान्त सम्म ७ करोड ८९ लाख ८८ हजार ५ सय ८३ रुपैँया सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ ।

११. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि अर्जुनचौपारी गाउँपालिकाको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।

क) आन्तरिक राजश्व तथा आन्तरिक श्रोततर्फ १७ करोड ७८ लाख आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

ख) अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट ३८ करोड ८२ लाख ७५ हजार प्राप्त हुने लक्ष्य लिइएको छ ।

ग) आगामी आर्थिक वर्षमा कुल बजेट रु ५६ करोड ६० लाख ७५ हजार हुने प्रक्षेपण गरिएको छ । जसमध्ये चालु खर्चतर्फ रु ३१ करोड १४ लाख ६५ हजार अर्थात ५५ प्रतिशत र पूँजितगतर्फ रु २५ करोड ४६ लाख १० हजार अर्थात ४५ प्रतिशत हुने अनुमान रहेको छ ।

**यसको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।**

१२. यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार र अन्य साझेदार संस्था मार्फत सहलागानीका कार्यक्रम प्राप्त हुन सक्ने सम्भावना समेत रहेको हुँदा यसरी प्राप्त हुने बजेटबाट कार्यान्वयन गर्नको लागि साझेदारी कार्यक्रम अन्तरगत समेत बजेट प्रस्ताव गरेको छु ।

**सभाध्यक्षज्यू,**

**अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

**शिक्षा**

१३. आगामी आर्थिक वर्षलाई शिक्षा सुधारको स्वर्ण बर्ष बनाउने लक्ष्यका साथ सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्थालाइ मध्यनजर गर्दै शिक्षामा गुणस्तर अभिवृद्धिका लागि शैक्षिक नतिजाका आधारमा

विद्यालय तथा शिक्षक प्रोत्साहन, शिक्षा तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम साथै विद्यार्थीसँग पालिका कार्यक्रमको लागि आवश्यक  बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

१४. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यावसायिक र संस्कारयुक्त बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रियहित प्रति समर्पित जनशक्ति निर्माण गर्ने आवश्यक वजेट मिलाएको छु । संस्कार शिक्षालाई निरन्तरता दिनका लागि आवश्य बजेट विनियोजन गरको छु । बाल विकास सहजकर्ताहरुको पारिश्रमिकका लागि ६३ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

१५. गाउँपालिकाभित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरीलाई अनिवार्य गर्नका लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

१६. आधारभूत तहमा विद्यार्थीको पठन सिप विकास कार्यक्रम तथा कक्षाकोठा, फर्निचर तथा लाइबेरी व्यवस्थापनका लागी २५ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

१७. गाउँपालकाको समग्र शिक्षा प्रणालीमा सुधार गर्ने, शिक्षा क्षेत्रको समग्र विकास तथा व्यवस्थापनका लागि समग्रमा शिक्षा क्षेत्रमा संघीय सशर्त अनुदान तर्फ १३ करोड ७ लाख ३ हजार र गाउँपालिकाबाट २ करोड १७ लाख गरी जम्मा १५ करोड २४ लाख ३ हजार बजेट सुनिश्चित गरको छु ।

**स्वास्थ्य**

१८. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पूँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । स्वास्थ्य सेवा साथै आवश्यक औषाधीहरु वितरण गरी सामुदायिक स्वास्थ्य सेवा घरघरमा पुर्याउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । आँखा उपचार केन्द्र लागी १० लाख, स्वास्थय शिविर सञ्चालनका लागि ८ लाख, स्वास्थ्य सेवा सहजिकरण कार्यक्रमका लागि ८ लाख बजेट विनियोजन गरेको छु । त्यस्तै पोषण कार्यक्रमको लागि १५ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

१९. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषण सम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिन बजेटको व्यवस्था  गरेको छु ।

२०. गाउँपालिका भित्रका विपन्न परिवारहरुका लागि पालिकाले आर्थिक दायित्व वहन गर्ने गरी स्वास्थ्य विमा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

२१. स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने कार्यलाई थप सुधार सहित निरन्तरता दिइने छ । जसका लागि समग्र स्वास्थ्य क्षेत्रमा गाउँपालिकाबाट ९७ लाख ९० हजार र संघीय सशर्त अनुदानबाट २ करोड ९३ लाख ६५ हजार गरी जम्मा ३ करोड ९१ लाख ५५ हजार बजेट प्रस्ताव गरेको छु ।

**पूर्वाधार**

२२. गाँउपालिकाको सदरमुकाम देखि सबै वडा कार्यालयहरु जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सहज ढङ्गले सुचारु गर्ने उदेश्यले त्यस्ता ग्रामीण सडकहरुको स्तरोन्नतीका लागि बजेट विनियोजन गरेको छु । अर्जुनचौपारी-रापाकोट-आरुचौर सडक खण्डका लागि संघ र पालिका साझेदारी मार्फत ६ करोड बराबरको निर्माण कार्य, त्यसै गरी अर्जुनचौपारी-सिमलचौर-मुसुरबारी-दरौं सडक खण्डमा २ करोड बराबरको निर्माण कार्य, अर्जुनचौपारी देखि वडा नं. २ लामडाँडा सडक खण्डमा २ करोड बराबरको निर्माण कार्य गर्नका लागि बजेट सुनिश्चितता गरेको छु । अर्जुनचौपारी पहुँच मार्ग निर्माणका लागि ६ करोड र आरुचौर सडक खण्ड स्तरोन्नतीका लागि १ करोड बराबरको निर्माण कार्य गर्नकालागि बजेट सुनिश्चितता गरेको छु । कौडीखोला-पुरनबारी-गडेरीखोला-अर्जुनचौपारी गाउँपालिका सम्म सडक स्तरोन्नति कार्यका लागि ५० लाख बजेट सुनिश्चितता गरेको छु ।

२३. प्रशासकीय भवन कम्पाउण्ड तथा अन्य संचरना निर्माणका लागि ५० लाख, ठूलोचौतारी-केवरे-लामडाँडा सडकको लागि १५ लाख, औधोगिक ग्रामका लागि १० लाख, अर्जुनचौपारी बसपार्क निर्माणका लागि १० लाख, बालमैत्री म्याथम्याटिकल पार्क निर्माणका लागि १० लाख, पिपलडाँडा-माझपाटा सडक स्तरोन्नतीका लागि १० लाख, बिरौटा-माझपाटा सडक स्तरोन्नतीका लागि १० लाख, छाप-सिरुबारे सडक स्तरोन्नतीका लागि १० लाख, वारीबजार मोटरबाटो स्तरोन्नतीका लागि १० लाख, अर्जुनचौपारी-राम्चे-शिर्खु मोटरबाटो स्तरोन्नतीका लागि १२ लाख, घण्टे-बयाले सडक स्तरोन्नतीका लागि १० लाख बजेट विनियोजन गरेको छु । त्यसैगरी घट्टे मोटरेवल पुलको लागि १ करोड ५० लाख बजेट सुनिश्चितता गरेको छु ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

२४. महिला, वालवालिका, जेष्ठ नागरिक, जातीय विभेद न्यूनीकरण, लैंगिक हिंसा न्यूनीकरण, समतामूलक समाज निर्माण र राज्यले अवलम्वन गरेको समावेशी विकास नीतिलाई प्रवर्द्धन गर्नका लागि गाउँपालिका प्रतिवद्ध रहेको छ । क्षेत्रगत जनसाख्यिक संरचना र सम्बन्धित वर्ग र समुदायको आवश्यकता अनुसार सामाजिक सुरक्षा, सीप विकास, आयआर्जन लगायतका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. आमा समूह तथा महिला सशक्तिकरणका लागि ३० लाख, विपन्न तथा दलित उत्थानका कार्यक्रमका लागि २० लाख बजेट प्रस्ताव गरेको छु ।

२६. वडा नं. ५ मा दलित तथा पर्यावरण संग्राहलयका लागि ४५ लाख बजेट सुनिश्चितताको व्यवस्था गरेको छु ।

२७. विपन्न व्यक्तिको जीविकोपार्जन सुधार तथा आय वृद्धिका लागि बिउपूँजि कार्यक्रमका लागी २० लाख विनियोजन गरेको छु ।

**कृषि, पशुपंक्षी, सिँचाई तथा खानेपानी**

२८. नागरिकको खाद्य सम्बन्धी हक र खाद्य सम्प्रभुताको अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, कृषक परिवारको आयस्तर वृद्धि गर्न, स्थानीय स्तरमा रोजगारी सृजना गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण तथा कृषियोग्य भूमिमा सिँचाईका लागि वजेटको व्यवस्था गरेको छु ।

२९. आलु प्रवर्द्धन कार्यक्रमका लागि १० लाख, कृषि कार्यक्रममा लागत साझेदारीका लागि ७ लाख साथै उत्पादनमा उपाध्यक्ष कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०. पशु क्षेत्रमा महामारीको रुपमा देखा परेको लम्की स्किन रोगको निशुल्क भ्याक्सिन सेवा लगायतका रोग नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३१. गाउँपालिकाभित्रका आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउन वडागत रुपमा योजना विनियोजन गरेको छु । खानेपानी मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

३२. प्राकृतिक तथा गैरप्राकृतिकजन्य विपद जोखिमलाई न्यूनीकरण गर्न विपद व्यवस्थापन कोषमा २० लाख बजेट विनियोजन गरेको छु ।

३३. सहले पहिरो व्यवस्थापनका लागि २० लाख विनियोजन प्रस्ताव गरेको छु ।

३४. हरियाली प्रवर्द्धन गर्न वृक्षारोपण कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३५. भरण पोखरी, चौतारी लगायतका अन्य सार्वजनिक निर्माण तथा तालपोखरी र कुवा संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**पर्यटन**

३६. आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गड्यौली खोला बोटानिकल पार्क निर्माणलाई निरन्तरता दिनका लागि २५ लाख र पर्यटन विकास कार्यक्रमको लागि १५ लाख बजेट विनियोजन गरेको छु ।

३७. गाउँपालिका भित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, आध्यात्मिक एंव साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा पहिचान मार्फत पर्यटन प्रवर्द्धनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु पञ्चकन्या मन्दिरमा नवग्रह निर्माण तथा धार्मिक अनुष्ठान कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**रोजगारी**

३८. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको सुनिश्चितताको लागि संचालन गरिएको स्थानीय रोजगार कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिई उक्त कार्यक्रमको लागि रु २० लाख विनियोजन गरेको छु ।

३९. युवा उद्घघोषण, प्रशिक्षण तथा सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

४०. भ्रष्टाचार र अनियमितता विरुद्ध अवलम्बन गरिएको शुन्य सहनशिलताको नीतिलाई निरन्तरता दिई सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र पारदर्शी वनाईने छ । स्थानीय वासीहरुलाई सूचनाको हकको प्रत्याभूत गराई संस्थागत सुशासन कायम गर्नको लागि सार्वजनिक रुपमा आवधिक समीक्षा, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन कार्यलाई प्रविधीमैत्री र पारदर्शी बनाउनको लागि विद्युतीय प्रणालीको विकास गर्न आवश्यक बजेटको प्रस्ताव गरेको छु ।

४१. व्यवस्थित तथा सुरक्षित शहर निर्माणको लागि गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सि.सि टि.भी. जडान तथा सडक बत्ति जडान कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु । यसका लागि रु १८ लाख बजेट विनियोजन गरेको छु ।

४२. न्यायिक अभ्यासलाई संस्थागत गरी न्यायसम्पादन प्रकृयालाई मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्याय निरुपण गर्ने पद्धतिको निर्माण गर्न न्यायिक समितिलाई आवश्यक वजेट विनियोजन गरेको छु ।

४३. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ । कर्मचारी, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहनको लागि रु १० लाख, विद्यालय, विद्यार्थी तथा शिक्षक प्रोत्साहनको लागी रु ५ लाख, कर्मचारी एंव शिक्षकहरुको तालिम र कर्मचारीहरुको पर्यटनकाजको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

४४. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ । शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

**सभाध्यक्षज्यू,**

४५. यसरी समग्रमा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को कुल बजेटको आकार ५६ करोड ६० लाख ७५ हजार रुपैया रहने गरी सन्तुलित बजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालुतर्फ ५५ प्रतिशत र पूँजीगततर्फ ४५ प्रतिशत खर्च प्रस्ताव गरिएको व्यहोरा सम्मानित सभा समक्ष पुनःजानकारी गराउन चाहन्छु ।

४६. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट समुन्नत अर्जुनचौपारीको लक्ष्यलाई मुर्तरुप दिने गरी गाउँपालिका वासीहरुको जीवनस्तरमा प्रत्यक्ष रुपमा गुणात्मक परिवर्तन एवं गाउँकार्यापालिकाको प्रभावकारिताको अभिवृद्धि भई नागरिकहरुले स्थानीय सरकारको सवल र प्रभावकारी उपस्थिति रहेको महसुस गर्ने छन् भन्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आम स्थानीयवासी र सरोकारवाला सम्पूर्णबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

४७. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने यस क्षेत्रलाई प्रतिनिधित्व गर्नुहुने संघ तथा प्रदेशसभाका माननीयज्यूहरु गाउँपालिका अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीज्यूहरु, टोल विकास संस्था, स्थानीय वुद्धिजिवी, नागरिक समाजका अगुवा, संघसंस्था, सहकारी, नीजिक्षेत्र, सञ्चारकर्मी लगायत सम्पूर्ण गाउँपालिका वासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

सपना गुरुङ
उपाध्यक्ष
मिति २०८१/०३/०३ गते